# स्थानीय राजपत्र

## हुप्सेकोट गाउँपालिकाद्धारा प्रकाशित

खण्डः (६), संख्या ३, हुप्सेकोट, चैत्र २० गते सोमबार, २०७९ साल


# भाग २

## हुप्सेकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,

## झ्यालबास, नवलपरासी (बर्दघाट सुस्ता पूर्व),

## गण्डकी प्रदेश, नेपाल

नेपालको संविधान बमोजिम हुप्सेकोट गाउँपालिकाको गाउँकार्यपालिकाले बनाएको तल उल्लेखित बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## हुप्सेकोट गाउँपालिकाको कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

## हुप्सेकोट गाउँपालिकाको कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

**प्रस्तावनाः**

हुप्सेकोट गाउँपालिकाको समग्र आर्थिक विकासको महत्वपूर्ण क्षेत्रको रूपमा कृषि क्षेत्र रहेको छ । उर्वर कृषि भूमीको रुपमा रहेको हुप्सेकोट गाउँपालिका कृषि व्यवसायलाई आधुनिक, व्यवसायिक, प्रतिष्पर्धि बनाउँदै उत्पादन लागत घटाउन यान्त्रिकरण, बैज्ञानिकीकरण र वातावरणमैत्री बनाउँदै बजारिकरणमा जोड दिनु जरूरी छ । हुप्सेकोट गाउँपालिकाबाट सञ्चालन गरिने कृषि विकास कार्यक्रमहरूलाई थप प्रभावकारी, पारदर्शी, जवाफदेही, उत्तरदायी एवं गुणस्तरयुक्त रूपमा कार्यान्वयन गर्न वञ्छानीय भएकाले स्थानीय सरकार ऐन ,२०७४ को दाफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी हुप्सेकोट गाउँपालिकाको गाउँकार्यपालिकाद्धारा यो "हुप्सेकोट गाउँपालिकाको कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९" जारी गरेको छ। .

### परिच्छेदः १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम हुप्सेकोट गाउँपालिकाको कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि हुप्सेकोट गाउँपालिकाको क्षेत्रभित्र लागु हुनेछ ।

(३) यो कार्यविधि यो आर्थिक बर्ष देखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

क. "कार्यपालिका" भन्नाले हुप्सेकोट गाउँपालिकाको कार्यपालिकालाई जनाउने छ।

ख. "अध्यक्ष" भन्नाले हुप्सेकोट गाउँपालिकाको अध्यक्ष लाई जनाउने छ।

ग. "उपाध्यक्ष " भन्नाले हुप्सेकोट गाउँपालिकाको उपाध्यक्ष जनाउने छ ।

घ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हुप्सेकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ।

ङ. "शाखा" भन्नाले हुप्सेकोट गाउँपालिकाको कृषि शाखालाई जनाउने छ ।

च. "शाखा प्रमुख" भन्नाले हुप्सेकोट गाउँपालिकाको कृषि शाखाको प्रमुखलाई जनाउने छ ।

छ. "कृषि समिति" भन्नाले हुप्सेकोट गाउँपालिकाको कृषि समितिलाई जनाउने छ ।

ज. "मूल्यांकन समिति" भन्नाले यस कार्यविधिको दफा अनुसार गठित समितिलाई जनाउन छ ।

झ. "फर्म, कम्पनी, समूह, सहकारी" भन्नाले प्रचलित कानून बमोजिम सरकारी कार्यालयमा दर्ता भई कृषि क्षेत्रलाई मुख्य लक्ष्य बनाई संञ्चालनमा रहेका फर्म, कम्पनी, समूह वा सहकारी सम्झनु पर्छ ।

## परिच्छे-२

## उद्देश्य

**३. कार्यक्रमको उद्देश्य** : कार्यक्रमको उद्देश्य देहायबमोजिम हुनेछ :

क, हुप्सेकोट गाउँपालिकाबाट सञ्चालन हुने कृषि विकास कार्यक्रम कार्यान्वय प्रकृयालाई छिटो, छरितो, सरल, सहज, गुणस्तरीय र व्यबस्थित बनाउने ।

ख. अनुदान वितरण तथा लाभग्राहीहरुको छनौट प्रकृयालाई प्रभावकारी, पारदर्शी, निष्पक्ष बनाउने ।

ग. कृषि व्यवसायलाई यान्त्रिकीकरण, वैज्ञानिकीकरण, व्यवसायिकरण र बजारिकरणमा जोड दिदै दिगो, मर्यादित, प्रतिष्पर्धी एवं उत्पादनमूलक बनाउने ।

## परिच्छेदः ३

४.कार्य सञ्चालन प्रकृया

१. **साना सिंचाई कार्यक्रमः-** गाउँपालिकामा वर्ष भरी सिंचाई हुने क्षेत्रफल वृद्धिगरी खाधान्न, फलफुल, तरकारी, दलहन, तेलहन आदि बालीको उत्पादन तथा उत्पादकत्व वृद्धिको लागि साना सिंचाई कार्यक्रम कार्यक्रम संचालन गरिनेछ |

**१.१ कार्यक्रमको उद्येश्यहरु**

१) साना तथा आधुनिक सिंचाई बिधिलाई सम्भाव्य स्थानमा प्रबर्द्दन गरि बालि सघनातामा बृद्दी गरि जमिनको उत्पादकत्व बृद्दिमा सहयोग पुर्याउने

२) सिंचाईको सुबिधा अपुग भइ कृषिको ब्याबसायिकरण गर्न नसकेको कृषकहरुलाई साना तथा आधुनिक सिंचाई कार्यक्रम संचालनमा सहयोग गरि तरकारी, फलफुल, नगदे बाली खेति लगायत विभिन्न सम्भाव्य बालीहरुको प्रबर्द्दनबाट रोजगारी र आय बृद्दी गर्ने गर्ने

**१.२ कार्यक्रम सञ्चालन बिधिः** कार्यक्रम सञ्चालन बिधि देहाय बमोजिम हुनेछः

- हुप्सेकोट गाउँपालिका कृषि विकास शाखाले यस कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समूह, सहकारी तथा टोल विकास संस्थाहरुलाइ कम्तिमा ७ दिनको सूचना गरि निवेदन माग गर्नेछ।

- प्राप्त निवेदनहरु आर्थिक विकास समितिले मुल्याङ्कन गरि अधिकतम अंक हासिल गरेकालाई छनौटको लागि कार्यपालिका समक्ष पेश गर्नेछ ।
- आर्थिक विकास समितिबाट सिफारिस भएका आवेदकहरुको छनौट सम्बन्धि निर्णय गर्ने अधिकार कार्यपालिकालाई हुनेछ |
- सिफारिस भएको आवेदकहरु लाइ यस कृषि विकास शाखाले साना सिंचाई कार्यक्रम सञ्चालन गर्नेछ।

## १.३ प्राबिधिक पक्ष

- साना सिंचाई कार्यक्रम अन्तर्गत कुलो ,सिमेन्ट पोखरी ,प्लास्टिक पोखरी ,ट्यांकी ,बोरिंग ,पाईप बिस्तार ,लिफ्टिंग,ईनार ,साना बाँध आदिको मर्मत निर्माण /मर्मत सम्भार र आधुनिक सिंचाई प्रबिधि जस्तै थोपा सिंचाई ,सिंचाई मोटर आदि पर्दछन |
- कार्यक्रम संचालनको लागि ईन्जिनियर लागत अनुमान र कार्यसम्पन्न प्रतिबेदन तयार गर्नेछन |
- यो कार्यक्रममा कृषिसंग सम्बन्धित समूह,सहकारी संस्था वा आधिकारिक रुपमा दर्ता भएका जल उपोभोक्ता समितिहरु मात्र सहभागी हुन सक्नेछन |
- यो कार्यक्रम संचालन गर्दा निर्माण कार्य अनुदान्ग्राही आफैले गर्नुपर्नेछ |

## १.४ प्रस्ताब छनौट का मापदण्ड

| क्र.सं | मूल्यांकनका आधार | अंक | |
|---|---|---|---|
| १. | सिंचाईको लागि पानीको श्रोत सुनिश्चितता | १० | |
| | बाहै महिना सिंचाईका लागि पानीको स्थायी श्रोत भएको | १० | |
| | मौसामी (६ महिना भन्दा कम )सिंचाईको लागि मात्र पानीको श्रोत भएको | ५ | |
| २. | सिंचित हुने क्षेत्रफल | ३० | |
| ३. | लाभान्वित घर धुरी संख्या | २० | |
| | २५ भन्दा बडी | २० | |
| | १५ देखि २५ घरधुरी | १५ | |
| | १५ भन्दा कम घरधुरी | १० | |
| ४. | निर्माण हुने सिंचाई संरचना स्थिति | २० | |
| | सिंचाई सुबिधा नभएको जग्गामा नया संरचना निर्माण | २० | |
| | बाढी/फिरो /डुवान जस्ता प्राकृतिक प्रकोपबाट प्रभावित सिंचाई निर्माण | १५ | |
| | पुरानो सिंचाई संरचना मर्मत सम्भार | १० | |
| ५. | बालि सधनता ब्रिधि | २० | |
| | १०० प्रतिशत भन्दा बढी | २० | |

| | | | |
|---|---|---|---|
| | ५० देखि १०० सम्म | १५ | |
| | ५० प्रतिशत भन्दा कम | १० | |
| | जम्मा | १०० | |

**१.५ आर्थिक पक्षः** यस कार्यक्रममा छनौट भएका लाभग्राहीले कम्तिमा १५ % खर्च जुटाई साना सिंचाई कार्यक्रम संचालन गर्नुपर्दछ । कृषि विकास शाखाले सिफारिस गरेको अनुदानग्राहीलाइ अनुसूची -१ अनुसार सम्झौता गरि कार्यक्रमको सम्झौता बमोजिम कार्य सम्पन्न पश्चात अनुगमन गरि पेश भएका बिल भर्पाइका आधारमा सम्बन्धित सहकारी,जल उपोभोक्ता समिति वा समूह वा संस्थाको बैंक खातामा एकमुष्ट भुक्तानी गरिनेछ । तर प्लास्टिक पोखरी वा थोपा सिंचाई / स्प्रिकलर सिंचाइको लागि कृषि सामाग्री (प्लास्टिक सिट, थोपा सिंचाई सेट, स्प्रिङकलर सेट ) आदि कृषि शाखाले उपलब्ध गराउने छ ।

**२. तेलहन बालि प्रबर्धन कार्येक्रमः** हुप्सेकोट गाउँपालिकामा तेलन खेतीको क्षेत्रफल बिस्तार गरी उत्पादन तथा उत्पादकत्व वृद्धिको लागि अनुदानमा तेलन खेती प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

**२.१ कार्यक्रम सञ्चालन बिधि**

- हुप्सेकोट गाउँपालिका कृषि विकास शाखाले यस कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समूह, सहकारी तथा टोल विकास संस्थाहरुलाइ कम्तिमा ७ दिनको सूचना गरि निवेदन माग गर्नेछ।
- प्राप्त निवेदनहरु आर्थिक विकास समितिले मुल्याङ्कन गरि अधिकतम अंक हासिल गरेकालाई छनौटको लागि कार्यपालिका समक्ष पेश गर्नेछ ।
- आर्थिक विकास समितिबाट सिफारिस भएका आवेदकहरुको छनौट सम्बन्धि निर्णय गर्ने अधिकार कार्यपालिका लाई हुनेछ
- सिफारिस भएको आवेदकहरु लाइ यस कृषि विकास शाखाले कार्यक्रम सञ्चालन गर्नेछ।

**२.२ कृषक छनौटका मापदण्डहरु**

- कृषक ,कृषि समूह बा कृषि सहकारी संस्था हुनु पर्ने
- १ बिगाह भन्दा धेरै क्षेत्रका लागि बिउ माग गर्दा जग्गाको लालपुर्जाको प्रतिलिपि अनिबार्य पेश गर्नुपर्नेछ
- बालि लगाउदा प्राबिधिक द्रिस्टकोणले बालि लाई उपयुक्त क्षेत्र तथा बालि अनुसार कायम हुन सक्ने भौगोलिक अवस्था हुनुपर्ने
- सूचना भए पश्चात आवश्यक परिमाणको बिउ,सामग्री कृषि शाखा मा माग गर्नु पर्नेछ

**२.३ संचालन गर्न सकिने क्रियाकलापहरुः** बालि उत्पादनमा प्रयोग हुने उन्नत बिउ,आवश्यक सामाग्रीहरु खरिद वितरण ,साना सिचाई आदि

**२.४ आर्थिक पक्ष**

- कार्यक्रम अन्तर्गत तोरी,सुर्येमुखी,रायो,बदाम,तील,सर्सोको बिउ मा ५० प्रतिशत अनुदान र मेसिनरी औजार उपकरण तथा बिषादीमा ५०% अनुदान, र साना सिचाईमा ८५ % सहयोग गर्न सकिनेछ ।
- यस कार्यक्रममा विनियोजित बजेट अनुसार प्रचलित सार्वजनिक खरिद ऐन तथा कार्यविधि बमोजिम खरिद गरि कृषि विकास शाखाले कृषकहरुलाइ वितरण गर्नेछ।

## ३. ५०% अनुदानमा मेसिनरी औजार उपकरण वितरण

कृषि क्षेत्रलाइ आधुनिक, व्यावसायिक एवम प्रस्तिस्पर्धि बनाइ खाद्य तथा पोषण सुरक्षा प्रत्याभूति गराउन, युवा जनशक्तिलाइ व्यावसायिक कृषि क्षेत्र तर्फा आकर्षण गरि कृषि क्षेत्र मार्फत थप दिगो रोजगारीको अवसर सिर्जना गर्न , गरिवी न्यूनीकरणमा सेवा पुर्याउन, किसानहरुले लगाएको बाली संरक्षण गर्न तथा उत्पादनमा आवश्यक गुणस्तरीय सामग्रीको पहुच स्थापना गर्न यस कार्यक्रम सञ्चालन गरिने छ ।

**३.१ कार्यक्रम सञ्चालन विधिः**

१. यस कार्यक्रम मार्फत कृषकहरुलाई ५० % सम्ममा बिभिन्न मेसिनरी सामग्रीहरु प्रदान गर्न सकिने छ

२. कृषि विकास शाखाले यस कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समूह, फर्म ,सहकारीहरुलाइ कम्तिमा ७ दिनको सूचना गरि निवेदन माग गर्नेछ।

३. प्राप्त निवेदनहरु आर्थिक विकास समितिले मुल्याङ्कन गरि अधिकतम अंक हासिल गरेकालाई छनौटको लागि कार्यपालिका समक्ष पेश गर्नेछ ।

४. आर्थिक विकास समितिबाट सिफारिस भएका आवेदकहरुको छनौट सम्बन्धि निर्णय गर्ने अधिकार कार्यपालिकालाई हुनेछ ।

५. सिफारिस भएका कृषक तथा कृषक समूह र कृषि सहकारीहरुलाई प्राप्त विवरणको आधारमा अनुपात मिल्ने गरि यस्ता सामग्रीहरु वितरण कृषि विकास शाखाले गर्नेछ ।

### ३.२ मुल्याङ्कनको आधारः

| क.स | मुल्याङ्कनका आधार | अङ्क |
|---|---|---|
| क | प्रस्तावित जमिन | |
| | १. पर्याप्त जमिन भएको | १५ |
| | २. पर्याप्त जमिनको सम्भावना भएको | १० |
| | ३. अपर्याप्त जमिन भएको | ० |
| ख | प्रस्तावकको आर्थिक क्षमता | |
| | १. कार्यविधिमा उल्लेख भए अनुसारको लागनी गर्न सक्ने क्षमता भएको | १५ |
| | २. कार्यविधिमा उल्लेख भए अनुसारको लागनी गर्न सक्ने सम्भावना देखिएको | १० |
| | ३. कार्यविधि उल्लेख भए अनुसारको लागनी गर्न सक्ने सम्भावाना न्युन देखिएको | ५ |
| ग | प्रस्तावकको किसिम | |
| | १. सहकारी | १५ |
| | २. समूह | १० |
| घ | व्यवसायम नयाँ प्रवेश विदेश ) बाट फिर्ता भइ कृषि पेशामा समलग्न हुनु भएका | १५ |
| ङ | प्रस्तावकको प्रविधिक ज्ञान तथा सीप | |
| | १. कृषि यन्त्रीकरण सम्बन्धि तालिम प्राप्त जनशक्ति भएको | १० |
| | २. कृषि यन्त्रीकरण सम्बन्धि तालिम प्राप्त जनशक्ति भएको | ८ |
| च | प्रस्तावकको मुख्य पेशा | |
| | १. घरको कुल आम्दानीमा कृषि क्षेत्रको योगदान ५०% भन्दा माथि | १० |
| | २. घरको कुल आम्दानीमा कृषि क्षेत्रको योगदान ३० देखि %५० % | ७ |
| | ३. घरको कुल आम्दानीमा कृषि क्षेत्रको योगदान ३०% भन्दा कम | ५ |
| छ | प्रस्तावकको हाल गरिरहेको खेति व्यवसायको आवस्था | |
| | १. आधुनिक प्रविधिमा आधारित | १० |
| | २. अर्ध आधुनिक (semi-mechanized/semi-commercial) | ७५. |
| | ३. परम्परागत शैलीमा आधारित | ५ |
| ज | लक्षित वर्ग | १५ |
| | जम्मा | १०० |

**३.३ मापदण्डहरु**

- कृषक समूह बा कृषि सहकारी संस्था र फर्म दर्ता भएको हुनु पर्ने
- प्राथमिकरण गर्दा क्रमशःकृषि समूह ,कृषि कार्यमा संलग्न सहकारी ,कृषि फर्म ,व्यक्तिलाई प्राथमिकता दिईने
- कृषि औजार उपकरण को लागि सूचना भए पश्चात आवश्यक कागजात सहित कृषि शाखामा आबेदन पेश गर्नु पर्नेछ

**३.४ संचालन गर्न सकिने क्रियाकलापहरुः** हाते ट्याक्टर, मिनी टिलर ,पावर टिलर,चाप कटर,मकै छोडाउने मेसिन ,मकै गोड्ने मेसिन,पावर स्प्रयेर,कुटानी पिसानी मिल ,धान काट्ने मेसिन लगायतमा अनुदानमा दिईनेछ।

**३.५ आर्थिक पक्षः**

- गाउँपालिका भित्रका कृषकहरुलाई सबै किसिमका कृषि औजार ,सामग्री ,मेसिन,कृषि उधोगमा प्रयोग हुने सामग्री आदि कृषिजन्य बिबिध उपकरणमा बढीमा ५० % वा ५०००० रकम जुन कम हुन आउछ अनुदान दिन सकिनेछ
- अन्य उपकरण ,मेसिन,औजार ,सामग्रीमा दिईने अनुदान रकम गाउँपालिकाको निर्णय बमोजिम हुने छ
- यस कार्यक्रममा विनियोजित बजेट अनुसार हुप्सेकोट गाउँपालिकाको प्रचलित सार्वजनिक खरिद ऐन तथा कार्यविधि बमोजिम खरिद गरि कृषि विकास शाखाले कृषकहरुलाइ वितरण गर्नेछ।
- कृषि विकास शाखाले सिफारिस गरेको अनुदानग्राहीलाइ मेसिनरी उपलब्द गराउदा अनुसूची -२ अनुसार सम्झौता गरि अनुसूची-३ बमोजिमको प्रिन्ट लगाई अनुदानग्राहीलाइ मेसिनरी उपलब्द गराउने।

**४.कृषक पाठशाला संचालन कार्यक्रम**

बिगतमा कार्यक्रम संचालन भएर उपज उत्पादनमा क्रियाशील समूह ,कृषि उत्पादनका दृष्टिले क्षमताबान पकेट क्षेत्र,कम्तिमा बालि अबधिभरको कृषक पाठशालामा सफलता पुर्बक सहभागी रहन सक्ने कृषक ,दर्ता भएका कृषक समुहहरुलाई हुप्सेकोट गाउँपालिकाको कृषि बिकास शाखा बाट कृषक पाठशाला संचालन गरिनेछ |कृषि विभाग/कृषि ज्ञान केन्द्र नवलपुरको कृषक पाठशाला संचलान नर्म्स अनुरुप हुनेछ |

**५. बिषादी सचेतना कार्यक्रम**

रासायनिक बिसादिको न्युनिकरण गर्दै प्रांगारिक उत्पादनमा जोड दिनको लागि बिषादी सचेतना कार्येक्रम संचालन गरिनेछ जस अन्तर्गत गाउँपालिका भित्र बिसादिको प्रयोग धेरै हुने क्षेत्रहरु पहिचान गरी कृषि शाखाबाट आवश्यक तालिम तथा क्रियाकलाप संचालन गरिनेछ |

### ५.१ संचालन गर्न सकिने क्रियाकलापहरु

- सचेतना मुलक तालिम ,पोस्टर ,पम्प्लेट , चिया खाजा र अन्य व्यवस्थापन खर्च

### ५.२ आर्थिक पक्ष

- तालिमको खर्च लागत स्टिमेट तयार गरि पूर्व स्वीकृत गरि मात्र संचलान गरिनेछ

## ६. आलु प्रबर्धन कार्यक्रम;

हुप्सेकोट गाउँपालिकामा आलु खेतीको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी कृषको जिवनस्तर उकास्नका लागि आलु प्रबर्धन कार्येक्रम संचालन गरिनेछ । आलु खेती गर्न इच्क्षुक कृषक/ कृषि फर्म/कृषक समूह / कृषि सहकारीले आवेदन दिन सक्नेछन् ।

### ६.१ कार्यक्रम सञ्चालन विधिः

- हुप्सेकोट गाउँपालिका कृषि विकास शाखाले यस कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समूह, सहकारी तथा टोल विकास संस्थाहरुलाइ कम्तिमा ७ दिनको सूचना गरि निवेदन माग गर्नेछ।
- प्राप्त निवेदनहरु कृषि विकास शाखाले कृषक छनौट का मापदण्डका आधारमा छनौट गर्नेछ
- छनौट भएका समुह ,कृषक ,सहकारीलाई आलु प्रबर्धन कार्यक्रम संचालन गर्नेछ ।

### ६.२ कृषक छनौट मापदण्डहरु

- कृषक ,कृषि समूह बा कृषि सहकारी संस्था हुनु पर्ने
- १ बिगाह भन्दा धेरै क्षेत्रका लागि बिउ माग गर्दा जग्गाको लालपुर्जाको प्रतिलिपि अनिबार्य पेश गर्नुपर्नेछ
- बालि लगाउदा प्राबिधिक द्रिस्टकोणले बालि लाई उपयुक्त क्षेत्र तथा बालि अनुसार कायम हुन सक्ने भौगोलिक अवस्था हुनुपर्ने
- सूचना भए पश्चात आवश्यक परिमाणको बिउ,सामग्री कृषि शाखा मा माग गर्नु पर्नेछ

### ६.३ संचालन गर्न सकिने क्रियाकलापहरु

- उन्नत जातको आलुको बिउ खरिद तथा बितरण

### ६.४ आर्थिक पक्ष

- कार्यक्रम अन्तर्गत उन्नत जातको आलुको बिउमा (कार्डिनल ) ५० प्रतिशत अनुदान सहयोग गर्न सकिनेछ

- अन्य जातको आलुको बिउमा दिईने अनुदान रकम गाउँपालिकाको निर्णय बमोजिम हुने छ
- कृषि विकास शाखाले बजेटको परिधि रही प्रचलित ऐन बमोजिम खरिद गरि कृषकहरुलाइ ५०% अनुदानमा आलुको बिउ उपलब्ध गराउने छ ।

**<u>७. क्षेत्र विस्तार कार्यक्रम हुप्सेकोट गाउँपालिकामाः</u>** व्यवसायिक फलफुल,तरकारी खेतीको क्षेत्रफल बिस्तार गरी उत्पादन तथा उत्पादकत्व वृद्धिको लागि क्षेत्र विस्तार कार्यक्रम संचालन गरिनेछ । यस कार्यक्रम संचालनको लागि निम्न कागजात आवश्यक पर्नेछ ।

**७.१ कार्यक्रम सञ्चालन विधिः**

- हुप्सेकोट गाउँपालिका कृषि विकास शाखाले यस कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समूह, सहकारी तथा टोल विकास संस्थाहरुलाइ कम्तिमा ७ दिनको सूचना गरि निवेदन माग गर्नेछ।
- प्राप्त निवेदनहरु कृषि विकास शाखाले कृषक छनौट का मापदण्डका आधारमा छनौट गर्नेछ
- छनौट भएका समुह ,कृषक ,सहकारीलाई कार्यक्रम संचालन गर्नेछ ।

**७.२ कृषक छनौट मापदण्डहरु**

- कृषक ,कृषिक समूह बा कृषि सहकारी संस्था हुनु पर्ने
- १ बिगाह भन्दा धेरै क्षेत्रका लागि बिउ माग गर्दा जग्गाको लालपुर्जाको प्रतिलिपि अनिबार्य पेश गर्नुपर्नेछ
- बालि लगाउदा प्राबिधिक द्रिस्टकोणले बालि लाई उपयुक्त क्षेत्र तथा बालि अनुसार कायम हुन सक्ने भौगोलिक अवस्था हुनुपर्ने
- सूचना भए पश्चात आवश्यक परिमाणको बिउ,सामग्री कृषि शाखा मा माग गर्नु पर्नेछ
- प्राथमिकरण गर्दा क्रमशःकृषि समूह ,कृषि कार्यमा संलग्न सहकारी ,कृषि फर्म ,व्यक्तिलाई प्राथमिकता दिईने

**७.३ संचालन गर्न सकिने क्रियाकलापहरु**

- बिभिन्न खालका तरकारी को बिउ तथा अन्य उत्पादन सामाग्री खरिद गरि बितरण गरिनेछ

**७.४ आर्थिक पक्षः**

- कार्यक्रम अन्तर्गत बिभिन्न फलफुल,तरकारीको बिउ,उत्पादनमा मा सहयोग हुने सामाग्री जस्तै प्लास्टिक मल्चिंगमा ५० % अनुदान सहयोग गर्न सकिनेछ

- यस कार्यक्रम अन्तर्गत कृषकहरुले हुप्सेकोट गाउँपालिका कृषि विकास शाखा मार्फत बजेटको परिधि रही प्रचलित ऐन बमोजिम खरिद गरि कृषकहरुलाइ ५०% अनुदानमा सामग्रीहरु उपलब्ध गराउने छ

**८.१ साझेदारीमा कफि क्षेत्र बिस्तार कार्यक्रम**

हुप्सेकोट गाउँपालिका को बडा नं ४, ५ र ६ का पहाडी समुदायहरुमा (भडारि ,रिपा ,चारघरे ,ध्बादी ,पोखरी ,बसेनी ,दुलुंगा ) करिब २०० जना भन्दा बडी कृषक सहभागी भई बिगत लामो समय देखि उच्च कोटीको कफी खेति भईरहेको छ| सो खेतिलाई आधुनिकरण र ब्यबसायीकरण गर्न,आम कृषक को जीबन स्तरमा सुधार ल्याउनुको साथै कफीको मुल्य संृखला बिकाश गरि क्षेत्र निर्धारण तथा प्रबर्धन गर्दै यस पालिकाको सम्ब्रिधि हासिल गर्न हुप्सेकोट गाउँपालिकाले साझेदारी मा कफी खेति कार्यक्रम संचालन गरेको छ ।

**८.१ उद्देश्यः**

- रोजगारीको अवसर सिर्जना गर्ने
- कफीको उत्पादन ,उत्पादकत्व तथा गुणस्तर वृद्धि गर्ने
- कृषकहरुको आयश्रोत तथा जीवनस्तर अभिब्रिधि गर्ने
- अन्तर्राष्ट्रिय बजारमा गुणस्तरिय कफीको निर्यात गर्ने

**८.२ कार्यक्रम सञ्चालन बिधिः**

- हुप्सेकोट गाउँपालिका कृषि विकास शाखाले यस कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समूह, सहकारी तथा टोल विकास संस्थाहरुलाइ कम्तिमा ७ दिनको सूचना गरि निवेदन माग गर्नेछ।
- प्राप्त निवेदनहरु आर्थिक विकास समितिले मुल्याङ्कन गरि अधिकतम अंक हासिल गरेकालाई छनौटको लागि कार्यपालिका समक्ष पेश गर्नेछ ।
- आर्थिक विकास समितिबाट सिफारिस भएका आवेदकहरुको छनौट सम्बन्धि निर्णय गर्ने अधिकार कार्यपालिकालाई हुनेछ ।
- सिफारिस भएको आवेदकहरु लाइ यस कृषि विकास शाखाले कार्यक्रम सञ्चालन गर्नेछ।

हुप्सेकोट गाउँपालिका

## ८.३ मुल्याङ्कनका आधारः

| क्र.स | मुल्याङ्कनका आधार | | |
|---|---|---|---|
| १. | क्षेत्रफल बिस्तार | १० | |
| | ५० रोपनी सम्म | ६ | |
| | ५०-६० रोपनी | ८ | |
| | ६०-१०० रोपनी | १० | |
| २. | साझेदार समुहको अनुभब | ५ | |
| | २ बर्षभन्दा बढी | ५ | |
| | २ बर्ष सम्म | ३ | |
| ३. | लाभान्वित घरधुरी | १० | |
| | २५ भन्दा बढी | १० | |
| | २०-२५ | ९ | |
| | १५-२० | ८ | |
| ४. | प्रस्तावकको प्रकार | १० | |
| | सामुहिक/सहकारी | १० | |
| | समुह खेति | ९ | |
| | कृषि फर्म/कम्पनी | ८ | |
| ५. | भौतिक सुबिधा (सडक ,बिजुली आदि को अवस्था ) | ५ | |
| ६. | प्रस्ताबको आर्हिक क्षमता | १० | |
| | जम्मा | ५० | |

## ८.४ संचालन गर्न सकिने क्रियाकलापहरु

- क्षमता विकास/तालिम संचलान
- कफी खेति बिस्तारमा प्रयोग हुने बिरुवा र आधुनिक नर्सरी
- कफी नर्सरी स्थापना र सो को लागि आबश्यक पर्ने उत्पादन सामाग्रीहरु जैविक मल ,कृषि चुन ,जैविक बिषादी,हर्मोन ,

- साना पूर्वाधारहरु ,प्रसोधन घर ,प्याकेजिन हाउस निर्माण तथा मर्मत सम्भार
- साना कृषि यन्त्र, उपकरण तथा औजार
- कफीको लागि सिचाई ब्यबस्थापन (थोपा सिचाई समेत )

**८.५ आर्थिक पक्षः**

- यस कार्यक्रममा छनौट भएका लाभग्राहीले कफीको बिरुवा मा ७० %,जैविक मल ,चुन ,जैविक बिषादी , यन्त्र उपकरण मा ५० % र सिचाई मा १०० % अनुदान सहयोग गर्न सकिनेछ ।
- यस कार्यक्रम अन्तर्गत कृषकहरुले हुप्सेकोट गाउँपालिका कृषि विकास शाखा मार्फत बजेटको परिधि रही प्रचलित ऐन बमोजिम खरिद गरि कृषकहरुलाइ अनुदानमा सामग्रीहरु उपलब्ध गराउने छ

## ९.मागमा आधारित कृषि कार्यक्रम

हुप्सेकोट गाउँपालिकाको कृषकहरुको आवश्यकता तथा मागलाई ध्यानमा राख्दै उत्पादन तथा उत्पादकत्व वृद्धिमा सहायोग हुने गरी मागमा आधारित कृषि कार्यक्रम संचालन गरिनेछ । यो कार्यक्रम "के पाईन्छ होईन के चाईन्छ "भन्ने नीतिमा आधारित रहि संचालन गरिनेछ ।

**९.१ कार्यक्रम सञ्चालन बिधिः**

- हुप्सेकोट गाउँपालिका कृषि विकास शाखाले यस कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समूह, सहकारी तथा टोल विकास संस्थाहरुलाइ कम्तिमा ७ दिनको सूचना गरि निवेदन माग गर्नेछ।
- प्राप्त निवेदनहरु आर्थिक विकास समितिले मुल्याङ्कन गरि अधिकतम अंक हासिल गरेकालाई छनौटको लागि कार्यपालिका समक्ष पेश गर्नेछ ।
- आर्थिक विकास समितिबाट सिफारिस भएका आवेदकहरुको छनौट सम्बन्धि निर्णय गर्ने अधिकार कार्यपालिकालाई हुनेछ ।
- सिफारिस भएको आवेदकहरु लाइ यस कृषि विकास शाखाले कार्यक्रम सञ्चालन गर्नेछ।

**९.२ प्रस्ताब छनौट का मापदण्ड**

| क.स | मुल्याङ्कनका आधार | अङ्क |
|---|---|---|
| क | कार्यक्रम सञ्चालनका लागि संरचनाको अवस्था<br>• आफ्नो स्वामित्वको जमिन तथा भवन भएको वा भाडामा भए कम्तिमा १५ वर्षको | २० |

| | | |
|---|---|---|
| | • सम्झौता भएको<br>• आफ्नो जमिन तथा भवन निर्माणाधीन रहेको वा निर्माण गर्ने समर्थ राख्ने<br>• जमिन तथा भवनको संरचना निर्माणको सम्भावना न्युन रहेको | १०<br>५ |
| ख | प्रस्तावित क्षेत्रको भौगोलिक उपयोगिता<br>• उपयुक्त ,बाटो) बिधुत ,फोहोरमैला व्यवस्थापन तथा उत्पादन क्षेत्र(<br>• कम उपयुक्त | २०<br>१० |
| ग | प्रस्तावकको किसिम<br>• सहकारी<br>• समूह | २०<br>१५ |
| घ | प्रस्तावकको मुख्य पेशा<br>• लाभान्वित घरधुरीको कुल आम्दानीमा कृषि क्षेत्रकेरा) खेतिको( योगदान ५०% भन्दा माथि<br>• लाभान्वित घरधुरीको कुल आम्दानीमा कृषि क्षेत्रकेरा) खेतिको( योगदान ३० देखि %५० %<br>• लाभान्वित घरधुरीको कुल आम्दानीमा कृषि क्षेत्रकेरा) खेति( योगदान ३०% भन्दा कम | २०<br>१५<br>१० |
| ङ | प्रस्तावित लाभान्वित घरधुरीको संख्या प्रस्तावमा) पेश हुन आएको अधिकतम लाभान्वित घरधुरीलाइ आधार मानी =(प्रस्तावित लाभान्वित घरधुरीको संख्या प्रस्तावित / अधिकतमलाभान्वित घरधुरीको संख्या२०* | २० |
| | जम्मा | १०० |

### ९.३ मापदण्डहरु

- आयआर्जन र जिवनस्तरमा टेवा पुयाउने कार्यक्रमलाई प्रोत्सहान गरिनेछ
- लागत स्टिमेट हनु पुर्नेछ
- आकस्मिक वालीसंरक्षण सेवामा समेत अनुदान दिन सकिने छ

### ९.४ संचालन गर्न सकिने क्रियाकलापहरु

- व्यवसायिक कृषक,उधमि,फर्म, कृषक समुह,टोल विकास संस्था तथा कृषि सहकारी संस्थाहरुले आफ्नो लगानीमा संचालन गर्ने जनुसुकै कृषि व्यवसायका लागि अनुदान सहकार्य रहनेछ

### ९.५ आर्थिक पक्ष

- कार्यक्रम को लागि कुल लागत को ५० प्रतिशत बा बढीमा ५०,०००/- जुन कम हुन आउछ सो रकम अनुदानमा उपलब्ध गराईनेछ

- कृषि विकास शाखाले सिफारिस गरेको अनुदानग्राहीलाइ अनुसूची -४ अनुसार सम्झौता गरि कार्यक्रमको सम्झौता बमोजिम कार्य सम्पन्न, पश्चात अनुगमन गरि पेश भएका बिल भर्पाइका आधारमा सम्बन्धित सहकारी,जल उपोभोक्ता समिति वा समूह वा संस्थाको बैंक खातामा एकमुष्ट भुक्तानी गरिनेछ।

## १०. बाली संरक्षण सेवा

हुप्सेकोट गाउँपालिका भित्रका कृषि बालीमा आकस्मिक रुपमा देखा परेका रोग तथा किराको सङ्क्रमण तथा महामारीलाई तत्काल नियन्त्रण गरी क्षती न्युनिकरण गर्न आवश्यकता अनुसार आकस्मिक बाली संरक्षण तथा उपचार कार्यक्रम सञ्चालन गर्न सकिन्छ । यस अन्तर्गत रोग, किरा तथा सुक्ष्म खाद्यतत्वको प्रभावलाई नियन्त्रण गरी क्षती न्युनिकरण गर्न आवश्यक बिषादी वितरण, सुक्ष्म खाद्यतत्व बितरण, नियन्त्रण औजार तथा उपकरण सामग्रीहरुको वितरण,कृयाकलापहरु सञ्चालन गर्न सकिनेछ ।

### १०.१ मापदण्डहरु

- बालीनालीमा अनपेक्षित रुपमा रोग किराको आक्रमण भई सम्बन्धित कार्यालयले छोटो समयमा ठुलो क्षेति हुने सम्भावना नक्यौल गरि प्रकोप ठहर गरेमा बालि संरक्षण सेवा संचालन गर्नु पर्नेछ|

### १०.२ संचालन गर्न सकिने क्रियाकलापहरु

- बालि संरक्षण सेवा कार्येक्रममा आवश्यक पर्ने बिसादी ,स्प्रयेर ,डस्टर,लगाएतका सामग्री यकिन गरेर खरिद गरि प्रकोप नियन्त्रण गर्न कृषक ,कृषि समूह ,कृषि सहकारी र कृषि फर्म हरुलाई बितरण गर्न सकिनेछ

### १०.३ आर्थिक पक्ष

- क्षेतिको प्रकार हेरी प्राविधिकको लागत ईस्टीमेट अनुसार खर्च गर्न सकिनेछ|
- क्षेतिको प्रकृति हेरी कृषक,कृषि समूह बा कृषी सहकारी संस्था र कृषि फर्म हरुलाई ५० % अनुदानमा बिभिन्न बिसादी,उपकरण वितरण
- यस कार्यक्रम अन्तर्गत कृषकहरुले हुप्सेकोट गाउँपालिका कृषि विकास शाखा मार्फत बजेटको परिधि रही प्रचलित ऐन बमोजिम सामग्रीहरु खरिद गरि ५० % अनुदानमा कृषकहरुलाइ उपलब्ध गराउने छ

## ११.कृषक स्तरीय तालिम तथा गोष्ठी

**कृषक तालिम**

कृषि व्यवसायमा संम्लग्न कृषकका लागि विभिन्न विषयमा तालिमहरू नगरपालिका स्तरमा १-५ दिने तथा घुम्ती तालिम एक दिन आवधिको सञ्चालन गर्न सकिनेछ। यस तालिम ३०-३५ जना कृषक सहभागी हुनेछन् । साथै कुनै विशेष बालीको खेतिका लागि प्रादेशिक स्तर तथा केन्द्रीय स्तरको तालिममा छनौट भएका सहभागीलाइ आवश्यक सहजीकरण गर्ने।

**११.१ उद्देश्य** - कृषकलाइ आवश्यक विषयमा प्राविधिक ज्ञान सीप अभिबृधि गर्ने वा जनचेतना अभिबृधि गर्ने ।

**११.२ कार्यविधि -**

- कृषि विकास शाखाबाट यस कार्यक्रम सञ्चालनका सहभागी छनौट गरि सहजीकरण गर्न वडा कार्यालयमा पत्राचार गर्नुपर्नेछ।
- तालिममा सहमागी छनौट गर्दा कृषि व्यवसायमा. आवद्ध भई व्यवसायीक रुपले पेशा गरी आएका वा गर्न ईच्छुक कृषक वा समूहमा योगदान पुच्याएका आफूले सिकेको कुरा अरुलाई सिकाउन अग्रसर रही पालिकाको कृषि विकासमा केही गरौ भन्ने भावना भएका कृषकहरु छनौट गरि पठाउनु पर्नेछ ।
- तालिममा महिला कृपक सदस्यहरुको उल्लेख्य सहभागीता हुने गरी छनौट गर्नु पर्नेछ ।
- साधारणतया स्थानियतहको वार्षिक स्वीकृत कार्यकम र वजेट परिधि भित्र रहि कृषक समूहहरुमा समूहको आवस्यकता वा मागको आधारमा १-५ दिने अवधिको तालिम प्रदान गर्न सक्नेछ ।
- स्थानिय स्तरको तालिम सञ्चालन गर्दा दिनमा प्रत्येक दिन ४ वटा विषयको कक्षा सैढ्युल निमार्ण गरी तालिमका सहभागी सबैलाई स्टेशनरी साथ उपलव्ध गर्नु पर्दछ ।
- कुनै समुदाय वा क्षेत्रका लक्षित कार्यक्रम आवश्यक भएमा कम्तीमा २० जना कृषकहरु मिलि आवश्यकताको वोध हुने गरी खुलाई तालिमको माग गरेमा शाखाको वजेट परिधि भित्र रहि तालिमको आयोजना गर्न सक्नेछ ।

**११.३ आर्थिक पक्षः** कृषकहरुलाइ तालिम प्रदान गर्नका लागि बिनियोत बजेटहरु तपशिल बमोजिमका प्रयोजनका लागि प्रयोग गर्न सकिने छ

| क्र. स | प्रयोजन | इकाई | दर | स्पस्टिकरण |
|---|---|---|---|---|
| १. | हल भाडा | रु . | १५०० | |
| ३. | स्टेसनरी खर्च<br>प्रति व्यक्ति | रु. | १०० | |
| ४. | खाजा खर्च | रु. | १५० | |

| | | | | |
|---|---|---|---|---|
| ५. | विविध खर्च (एकमुष्ठ) | रु . | ३००० | |
| ६. | प्रतिवेदन लेखन तथा सम्पादन खर्च | रु. | १००० | |
| ७. | प्रशिक्षक भत्ता | प्रति सेसन रु. | अन्तरिक प्रशिक्षक१००० :<br>वाहिय प्रशिक्षक १६०० :<br>जिल्ला) भित्र(<br>वाहिय प्रशिक्षक :<br>जिल्ला)३००० बाहिर | बाहिय प्रशिक्षकलाइ यातायात तथा दैनिक भ्रमण भत्ता प्रदान गर्न सकिने । |

कुनै विशेष बालीको खेतिका लागि सरकारी तथा गैर सरकारी संस्था बाट प्रदान गरिने प्रादेशिक स्तर तथा केन्द्रीय स्तरको तालिममा छनौट भएका सहभागीका लागि छनौट गर्ने कार्यालयबाट दैनिक भ्रमण भत्ता प्रदान नगरेको खण्डमा सो छनोटमा परेका सहभागीलाइ श्रोत व्यक्तिको रुपमा प्रयोग गर्ने गरि सम्झौता दैनिक सहायक स्तरको भ्रमण भत्ता प्रदान गर्न सकिने छ।यस सुविधाको लागि छनोटमा परेको पत्र तथा दैनिक भ्रमण भत्ता प्रदान नहुने व्यहोरा सहितको पत्र पेश गर्नु पर्नेछ । तालिम संचालन पालिकामा कार्यरत कृषि प्राबिधिक तथा बाहिरि बिशेषज्ञ द्बरा हुनेछ |तालिमको खर्च लागत स्टिमेट तयार गरि पूर्ब स्वीकृत गरि मात्र गरिनेछ |

## १२. कृषक सम्मान कार्यक्रम

हुप्सेकोट गाउँपालिका क्षेत्र भित्र कृषि र पशुपन्छीपालन गरेका किसानहरुलाई प्रोत्साहन गर्दै व्यवसायिकतर्फ उन्मुख गर्दै कृषक पुरस्कार कार्यक्रमलाई पारदर्शी र प्रभावकारी बनाउनका लागि कृषक सम्मान कार्यक्रमको सञ्चालन गर्नेछ।

### १२.१ उदेश्य

- कृषि पेशालाई समाजको आकर्षक र सम्मानित पेशाको रुपमा स्थापित गर्न सहयोग पुर्याउने।
- कृषकहरुको योगदानको सम्मान गर्ने।
- कृषकहरुमा स्वस्थ्य प्रतिस्पर्धाको भावना विकास गरि कृषि पेशालाई व्यवसायिक बनाउन सहयोग पुर्याउने।

### १२.२ प्राविधिक पक्ष

- सूचना प्रवाहः हुप्सेकोट गाउँपालिकले कृषक सम्मान कार्यक्रमका लागि ७ दिने सार्वजनिक सूचना प्रकाशन गरि कृषकहरुबाट अनुसूची- ५ अनुसारको निवेदन आव्हान गर्नेछ।

हुप्सेकोट गाउँपालिका

- न्यूनतम मापदण्डः गाउँपालिका क्षेत्रभित्रका कृषकहरुले निवेदन पेश गर्नका लागि उल्लेखित मापदण्ड पुरा गरेको हुनुपर्नेछ।

| क्र.स | बालीको नाम | क्षेत्रफल/संख्या (न्यूनतम) | | | कै |
|---|---|---|---|---|---|
| | | ठुला कृषक | मझौला कृषक | साना कृषक | |
| १ | अन्नबाली तथा दलहन तेलहन बाली | १ बिगाहा | १० कठ्ठा | ७ कठ्ठा | |
| २ | तरकारी बाली | २० कठ्ठा, प्लाष्टिक हाउस १००० वर्ग फिट | १० कठ्ठा, प्लाष्टिक हाउस वर्ग फिट | ५ कठ्ठा, प्लाष्टिक हाउस वर्ग फिट | |
| ३ | च्याउ | १० वटा टनेल (५०० वर्ग फिट) | ५ वटा टनेल (२५० वर्ग फिट) | २ वटा टनेल (१०० वर्ग फिट) | |
| ४ | फलफूल | कम्तिमा १०० वटा फलफूलका बोट | कम्तिमा ५० विभिन्न फलफूलका बोट | कम्तिमा ३० विभिन्न फलफूलका | |
| ५ | मौरीपालन | ५० घार | ३० घार | १० घार | |
| ६ | माछापालन | २० कठ्ठा | १० कठ्ठा | ५ कठ्ठा | |
| ७ | भेडाबाखा | ५० माउ | २० माउ | १० माउ | |
| ८ | गाईभैसी | उन्नत २० वटा माउ | उन्नत १० वटा माउ | उन्नत ५ वटा माउ | |
| ९ | बंगुर | उन्नत २० वटा माउ | उन्नत १० वटा माउ | उन्नत ५ वटा माउ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | कुखुरा | २००० वटा | १००० वटा | २०० वटा | |
| ११ | हाँस | ५०० वटा | २५० वटा | १०० वटा | |
| १२ | घाँस खेती | २० कठ्ठा | १० कठ्ठा | ५ कठ्ठा | |
| १३ | खाद्यान्न बिउ वृद्धि | २० कठ्ठा | १० कठ्ठा | ५ कठ्ठा | |
| १४ | तरकारी बिउ वृद्धि | १० कठ्ठा | ५ कठ्ठा | ३ कठ्ठा | |
| १५ | रैथाने बाली संरक्षण | १० कठ्ठा | ५ कठ्ठा | ३ कठ्ठा | |
| १६ | केरा खेती | १० कठ्ठा | ५ कठ्ठा | ३ कठ्ठा | |

**१२.३ निवेदन संकलन, मूल्याङ्कन र सिफारिस समितिः** तोकिएको मिति सम्ममा न्यूनतम मापदण्ड पुगी दर्ता भएका निवेदनहरुको छानबिन, मूल्याङ्कन र सिफारिसका लागि देहायका पदाधिकारी सम्मिलित समिति रहनेछ।

- गाउँपालिका अध्यक्षः संयोजक
- उपाध्यक्षः सदस्य
- प्रमुख प्रशासकिय अधिकृतः सदस्य
- आर्थिक विकास समितिको संयोजकः सदस्य
- सम्बन्धित वडा अध्यक्षः सदस्य
- कृषि तथा पशुपन्छी विकास शाखाको प्रमुखः सदस्य सचिव

**१२.४ आर्थिक पक्षः** स्वीकृत बजेटको परिधिभित्र रहि सिफारिस समितिले पुरस्कार र संख्या तोकि गाउँकार्यपालिका, कार्यालयलाई सिफारिस गर्नेछ। सिफारिसका आधारमा गाउँपालिकाले पुरुस्कार पाउने कृषक वा संस्थाको नामावली प्रकाशन र पुरस्कार वितरण गर्नेछ ।

**१२.५ प्रस्ताव मूल्याङ्कनको आधारहरुः**

| क्र.स. | निवेदन फारम मूल्याङ्कन मापदण्ड | पूर्णाङ्क अंक | प्राप्ताङ्क अंक |
|---|---|---|---|
| १ | स्रोत साधनको स्थिति एवं सदुपयोग | १० | |

| | | | |
|---|---|---|---|
| २ | स्थानिय समुदायमा कार्य अनुभवको आदान प्रदान एवं योगदान | १० | |
| ३ | उत्पादन स्थिति/उत्पादकत्व | १० | |
| ४ | सेवा तथा संस्थागत पहुँच | ५ | |
| ५ | रोजगारी सिर्जनाको स्थिती | १५ | |
| ६ | कृषि व्यवसायमा गरेको आर्थिक लगानीको स्थिति | ५ | |
| ७ | कृषि व्यवसायबाट प्राप्त आम्दानी एवं प्रतिफल स्थिती | १० | |
| ८ | नगरपालिका र प्राविधिकसँगको सम्पर्क स्थिती | ५ | |
| ९ | प्राविधिक ज्ञान सीप बारे जानकारी एवं प्रयोग स्थिती | १० | |
| १० | कृषि व्यवसायको दिगोपना स्थिती | १० | |
| ११ | सिर्जनात्मक कार्य गरेको | १० | |

**निवेदन सँग पेश गर्नुपर्ने कागजातहरुः**

(क) अनुसूची-५ बमोजिमको निवेदन र निवेदन फारम।

(ख) सम्बन्धित कृषकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

(ग) फर्म/समूह/समिति/सहकारी दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि।

(घ) व्यवसाय सञ्चालन गरेको जग्गा धनि पूर्जा वा सम्झौताको प्रतिलिपि वा वडा कार्यालयको प्रमाणित पत्र

(ङ)करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।

(च) अन्य तालिम/सम्मान प्रमाणपत्रको प्रतिलिपि।

(छ) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

**१३.वर्षे फलफुल बिरुवा वितरण**

हुप्सेकोट गाउँपालिका वडा नं -३ अन्तर्गत प्रतेक घरधुरी २ फलफुल बोट स्थापना गर्ने उद्देश्यले यस वडामा वर्षे फलफुल (आपँ, लिची आदी) सुन्तलाजात फलफुल (सुन्तला, जुनार र कागती) बिरुवा वितरण गर्ने लक्ष्य रहेको छ ।

हुप्सेकोट गाउँपालिका

**१३.१ कार्यविधिः**

- हुप्सेकोट गाउँपालिका कृषि विकास शाखाले यस कार्यक्रममा सहभागी हुन इच्छुक कृषक वर्गहरुलाई कम्तिमा ७ दिनको सूचना गरि निवेदन माग गर्नेछ।
- प्राप्त निवेदनहरु को आधारमा कृषि बिकाश शाखाले माग बमोजिम को बिरुवा खरिद गरि वितरण गर्नेछ ।
- फलफुल बिरुवाको मूल्यको लागि नेपाल सरकारको पूर्व स्वीकृत प्रचलित दररेट वमोजिम मूल्य निर्धारण गरिनेछ ।

**१३.२ आर्थिक पक्षः**

१. विनियोजित बजेट बाट यस कार्यक्रम सञ्चालनका लागि आवश्यक फलफूलका बेर्ना नेपाल सरकारको पूर्व स्वीकृत प्रचलित दररेट वमोजिम खरिद गरि शत प्रतिशत अनुदानमा प्रदान गर्न सकिने छ ।

**१४ .कृषि मेला तथा कृषक दिवस कार्यक्रम**

दिवश कार्यकमहरु (धान दिवश, विश्व खाद्य दिवश, कृषक दिवश आदि) : कार्यकमको ब्यापकता तथा महत्वलाई आधार मानी गाउँस्तरका कृषक, सरोकारवालाहरुको उपस्थितिमा संचालन गर्ने । कार्यक्रमको खर्च लागत स्टिमेट तयार गरि पूर्ब स्वीकृत गरि मात्र गरिनेछ ।

**१५. नमुना कृषि फर्म स्थापना**

यो कार्यक्रम यूवा स्वरोजगार तथा आत्मनिर्भर हुने गरी मौसमी तथा बेमौसमी तरकारी उत्पादनका लागि नमूना नर्सरी स्थापना गर्ने गरी संचालन गरिनेछ । यो कार्यक्रम व्यवसायिक तरकारी वाली उत्पादनमा आधारित रहने छ ।

**१५.१ कार्यविधि**

- हुप्सेकोट गाउँपालिका कृषि विकास शाखाले यस कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समूह, सहकारी तथा टोल विकास संस्थाहरुलाइ कम्तिमा ७ दिनको सूचना गरि निवेदन माग गर्नेछ।
- प्राप्त निवेदनहरु आर्थिक विकास समितिले मुल्याङ्कन गरि अधिकतम अंक हासिल गरेकालाई छनौटको लागि कार्यपालिका समक्ष पेश गर्नेछ ।
- आर्थिक विकास समितिबाट सिफारिस भएका आवेदकहरुको छनौट सम्बन्धि निर्णय गर्ने अधिकार कार्यपालिकालाई हुनेछ
- सिफारिस भएको आवेदकहरु लाइ यस कृषि विकास शाखाले कार्यक्रम सञ्चालन गर्नेछ।

**१५.२ मापदण्डहरु**

- कृषक समूह ,कृषि सहकारी संस्था र कृषि फर्म दर्ता भएको हुनु पर्ने
- बैदेशिक रोजगारवाट फर्किएको बेरोजगार युवाहरुलाई प्राथमिकता दिईनेछ
- खेति गरिने प्रजाति र जात बजारको माग बमोजिम हुने
- जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षको करार सम्जौता हुनु पर्ने
- बाँझो रहेको खेतीयोग्य जग्गालाई प्राथमिकता दिईने
- नर्सरी उत्पादन को लागि कम्तिमा २ कट्टा क्षेत्रफल हुनुपर्ने

**१५.३ संचालन गर्न सकिने क्रियाकलापहरु**

- प्लास्टिक घर तथा सेड हाउस निर्माण,पम्पसेट मोटर पाईप ,पोखरी ,थोपा सिंचाई प्रणाली लगायत सिंचाई पुर्बाधार निर्माण,बिउ बिजन तथा कृषि औजार उपकरण खरिद

**१५.४ अनुदान रकम /प्रतिसत**

- उल्लेखित क्रियाकलापहरु संचालन गर्नको लागि अनुदानमा आवश्यक रकम उपलब्ध हुनसक्नेछ ।
- अनुदान रकम कार्यालयको निर्णय बमोजिम हुनेछ
- कार्यक्रममा कम्तिमा ५० % लागत सहभागिता हुनु पर्नेछ
- कार्यक्रमको सम्झौता बमोजिम कार्य सम्पन्न पश्चात अनुगमन गरि पेश भएका बिल भर्पाइका आधारमा एकमुष्ट भुक्तानी गरिनेछ

## परिच्छेदः ४

## आर्थिक प्रशासन

**१६.आर्थिक प्रशासन :** कार्यक्रमको लेखाङ्कन, कारोबार, लेखा परिक्षण गर्दा आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४ सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनखरिद नियमावली, २०६४ बमोजिम गरिने छ ।

## परिच्छेद-५

## विविध

**१७. कारबाहीको व्यवस्था**:सम्पूर्ण कार्यक्रममा साझेदार कृषक, कृषक समूह, सहकारी, कृषि फर्म तथा टोल विकास संस्थाहरुले सम्झौता अनुसारको कार्यक्रम सम्पन्न नगरी वा प्राप्त अनुदानलाइ दुरुपयोग गरेको पाइएमा प्रचलित ऐन, नियम तथा कानुन बमोजिम कारबाही हरि सरकारी रकम बाकी सरह असुलउपर गरिने छ ।

**१८. कार्यविधीको व्याख्याः** यो कार्यविधीको अन्तिम व्याख्या कार्यपालिका वा कार्यपालिको अधिकार प्राप्त निकायले गर्नेछ ।

**१९. कार्यविधीको संशोधनः** यो कार्यविधीको प्रावधानहरुमा कार्यपालिकाले आवश्यक संसोधन गर्न सक्नेछ ।

**२०. बाधा अड्काउ फुकाउः** स्थानीय सरकार संचालन ऐन तथा यस कार्यविधीमा व्यवस्था भए वाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्ता निर्णय कार्यपालिकाले गर्नेछ ।

**२१. बचाउः** यस कार्यविधी लागु हुनु भन्दा पहिले गाउँ कार्यपालिकाले गरेका निर्णय अनुसार कृषि विकास संग संम्वन्धीत कार्य यसै कार्यविधी अनुसार हुनेछन ।

**२२.प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेखित भएका बाहेक अन्य क्रियाकलापहरु बिधमान नर्म्स ,कार्यविधि ,निर्देशिका र प्रचलित कानुन बमोजिम हुने छ |

## अनुसूजी-१

**साना सिंचाई कार्यक्रम संग सम्बन्धित**

## साना सिंचाई कार्यक्रम संचालनको लागि सम्झौता-पत्र

चालु आ.व. २०७९/०८० को स्वीकृत कार्यक्रम अनुसार **साना सिंचाई कार्यक्रम** कार्यान्वयनका लागि हुप्सेकोट गाउँपालिका ,नवलपरासी (बर्दघाट-सुस्ता पूर्व) (यसपछि पहिलो पक्ष भनिने) र **नवलपरासी (ब.सु.पू.)** जिल्ला **हुप्सेकोट गाउँपालिका** वडा नं........मा भएको...................(यस पछि दोश्रो पक्ष भनिने) का वीच अनुदान साझेदारीमा तपसिल बमोजिमका शर्तहरु पालना गर्ने गरी दुबै पक्षको राजी खुशीले यो संझौता—पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं/दियौं।

<u>तपसिल</u>

१. यो संझौता पत्र ................. **नवलपरासी (ब.सु.पू.)** र **हुप्सेकोट गाउँपालिका, नवलपरासी (ब.सु.पू.)** बिच साना सिंचाई कार्यक्रम संचालन प्रयोजनको लागि प्रयोग गरिनेछ ।

२. यो संझौता भएको मितिबाट प्रारम्भ भएको मानिनेछ ।

३. दोश्रो पक्ष वा लाभग्राहीले संझौता भएको मितिले ७ दिन भित्र कार्य प्रारम्भ गर्नु पर्नेछ ।

४. साना सिंचाई कार्यक्रम दोश्रो पक्ष आफैले संचालन गर्नु पर्नेछ । आफैले नगरी ठेक्कापठ्ठामा दिन पाईने छैन । ईस्टिमेट अनुसार लागत अनुमान तपसिल अनुसार हुनेछ ।

| | |
|---|---|
| अनुदान उपलब्ध गराउने संस्थाले ब्यहोर्ने (आयोजनाको लागतको बढीमा ८५% | |
| लागत सहभागिता (नगद तथा जनश्रमदान मार्फत) न्यूनतम १५% (रु.) | |
| **कुल जम्मा (रु.)** | |

५. दोश्रो पक्षले यसै योजनाको लागि आफ्नै श्रोत वाहेक कुनै सरकारी, गैह्र सरकारी, संघ संस्थावाट सहयोग अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा हुप्सेकोट गाउँपालिका लाई जानकारी गराउनु पर्नेछ ।

६. दोश्रो पक्षले काम गर्दा हुप्सेकोट गाउँपालिका बाट खटिएका प्राविधिकहरुले दिएको निर्देशन अनुसार गर्नु पर्नेछ

७.आयोजना सम्पन्न भई सकेपछि अनुदान रकम भुक्तानी गर्ने सम्वन्धमा सुपर भिजन गरी फाईनल विल तयार गर्ने प्राविधिकवाट कार्य सम्पन्न प्रतिवेदन तयार गरी उपभोक्ता समूह/सहकारीको वैठकवाट निर्णय गराई कृषि बिकास शाखाबाट प्राप्त भए पछि सम्वन्धीत समूह/सहकारी/जलउपभोक्ता समितिको नाममा वैंक खातामा चेक वा ई-पेमेन्ट मार्फत भुक्तानी दिईने छ । दोश्रो पक्षले समूह वा सहकारी वा जल उपभोक्ता समितिको नाममा बैंक खाता खोली खाता नं. प्रथम पक्ष समक्ष पेश गर्नुपर्ने छ ।

८. दोश्रो पक्षले भूक्तानी माग गर्दा खरिद गरिएका उत्पादन सामाग्रीको हकमा प्यान वा भ्याट विल पेश गर्नु तथा कामदार लगाएको अवस्थामा डोर हाजिर पेश गर्नु पर्नेछ । बिलमा उल्लेखित रकममा नियम अनुसार कर कट्टी गरी भुक्तानी दिईनेछ ।

९.दोश्रो पक्षले मिति ................. गते भित्र सम्झौता अनुसारको कार्य सम्पन्न गरि सक्नु पर्नेछ ।काबु बाहिरको परिस्थिति बाहेक तोकिएको समयमा दोस्रो पक्षले कार्यसम्पन्न गरि आवस्यक कागजात सहित कार्यालयमा भुक्तानिको लागि माग नगेरेमा प्रथम पक्ष भुक्तानीको लागि बाध्य हुने छैन ।

१०. दोस्रो पक्षले कार्यासम्पन्न पश्चात सार्वजनिक सुनुवाई गर्नु पर्नेछ र उक्त कागजातहरु विल भुक्तानीको लागि माग गर्दा अनिवार्य रुपमा पेश गर्नु पर्ने छ।

११. दोश्रो पक्ष/उपभोक्ताको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी उपभोक्ता/लाभग्राही हुनेछ ।

१२. सम्झौता अनुसारको कार्य संचालन गर्दा कुनै दुर्घटना हुन गएमा त्यसको सम्पूर्ण जिम्मा दोश्रो पक्षले लिनु पर्नेछ।

१३. दोश्रो पक्षले योजना तथा कार्यक्रमको योजना स्थलमा कार्यक्रमको सम्पूर्ण विवरण खुल्ने सबैले देख्ने गरी एक होडिङ बोर्ड राख्नुपर्छ । साथै उपभोक्ता समूहले निर्माण कार्यको सार्वजनिक जानकारी गराउनु पर्नेछ । सम्झौता सम्पन्न भइ सकेपछि उपभोक्ता समूहले सम्झौताको एक/एक प्रति सम्बन्धित वडा कार्यालयमा बुझाउनुपर्नेछ ।

१४.आयोजना सम्पन्न भई हस्तान्तरण भई सकेपछि सोको मर्मत सम्भार सम्वन्धी कार्य सम्वन्धित उपभोक्ता **समूहको हुनेछ ।**

१५.निर्माण कार्य अथवा यस सम्वन्धी कुनै विवाद आएमा हुप्सेकोट गाउँपालिकाको निर्णय नै अन्तिम मानिने छ ।

१७.यस सम्झौतामा उल्लेख भएका कुराहरुमा यस वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

**<u>प्रथम पक्षको तर्फबाट</u>**

नाम, थरः

पद :

दस्तखतः

मितिः

**<u>दोश्रो पक्षको तर्फबाट</u>**

नाम,

पद :

दस्तखतः

फोन नंः

मितिः

**रोहवर/साक्षी**

| **प्रथम पक्षको तर्फबाट** | **दोश्रो पक्षको तर्फबाट** |
|---|---|
| नाम, थरः नागेन्द्र शाह | नाम,थर : |
| पदः कृषि शाखा प्रमुख | पदः |
| दस्तखतः | दस्तखत |
| मितिः | मिति : |

**अनुसूची-२**

**५०% अनुदानमा मेसिनरी आग्जार उपकरण वितरण संग सम्बन्धित**

**अनुदानग्राही र हुप्सेकोट गाउँपालिका बीचको सम्झौता-पत्र**

हुप्सेकोट गाउँपालिका कृषि बिकास शाखा को आ.व. .......... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत ५०% अनुदानमा मेसिनरी आग्जार उपकरण वितरण कार्यक्रम संचालनको लागि मिति .........................प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरू मध्ये श्री ......................... को प्रस्ताव छनोट भएको हुंदा हुप्सेकोट गाउँपालिका (यसपछि प्रथम पक्ष भनिने) र श्री ....................... (यसपछि दोस्रो पक्ष भनिने) बिच तपशिल अनुसारका शर्तहरू पालना गर्ने गरी कार्यक्रम संचालनका लागी द्वि-पक्षिय सम्झौतागरि बुझिलियौं/दियौं ।

तपशिलः

१. दोश्रो पक्षले आपूर्तिकर्ता मूल्याङ्कन समितिबाट छनौट भएको आपूर्तिकर्ताबाट............................ खरिद गर्नु पर्नेछ।

२. प्रथम पक्षले मेसिनरीको परल मूल्यको ५० प्रतिशत सम्मको अनुदान रकम उपलब्ध गराउनेछ ।

३. दोश्रो पक्षले कृषि यन्त्र उपकरणको परल मूल्यको ५० प्रतिशत रकम स्वलगानी गर्नुपर्नेछ ।

४. दोश्रो पक्षले खरिद गर्न चाहेको मेसिनरीको स्वलगानी रकम... . छनौट भएका आपूर्तिकर्ता खातामा जम्मा गर्नु पर्नेछ ।

५. दोश्रो पक्षले जम्मा गरेको रकमको सक्गल भौचर सम्बन्धित छनौट भएका आपूर्तकर्तालाई पेश गर्नु पर्नेछ ।

६. मेसिनरी ल्याईसकेपछि बिग्रिएमा, टुटफुट भएमा दोश्रो पक्ष स्वयमले मर्मत गर्नुपर्नेछ (वारेन्टी/ग्यारेन्टीको सुबिधा भएमा सोहि बमोजिम हुने)।

७. कार्यक्रम संचालननका दौरान वा सम्पन्न भए पश्चातको संचालन, व्यवस्थापन, जोखिम र दिगोपनका लागी गरिने कार्यहरू तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

८. कार्यक्रम संचालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

९. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

दोस्रो पक्षको तर्फबाटः प्रथम पक्षको तर्फबाटः

हस्ताक्षरः हस्ताक्षरः

| | |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| साझेदारः | कार्यालयः |
| साझेदारको छापः | कार्यालयको छापः |

**इति सम्वत् ....... . . ...... साल ......... . . -..... महिना ......... गते रोज ......... शुभम्**

**अनुसूची- ३**

**अनुदान प्रबाहमा उपलब्ध हुने ट्याक्टरमा आपूर्तिकर्ताले रास्नुपर्ने प्रिन्ट वा प्लेटको ढाँचा**

स्थानिय सरकार

गण्डकी प्रदेश, पोखरा

# हुप्सेकोट गाउँपालिका, कृषि विकास शाखा

बाट अनुदान प्राप्त

आ.व:..........................................

आपूर्तिकर्ता:...................................................................

**<u>हुप्सेकोट गाउँपालिका कार्यालय झ्यालबास नवलपरासी ब.सु.पुर्ब.र श्री ............................................हुप्सेकोट गाउँपालिका वडा नं..... का बीच मागमा आधारित कृषि कार्यक्रम संचालन गर्न भएको द्बिपक्षीय</u>**

**<u>समझौता- पत्र</u>**

हुप्सेकोट गाउँपालिका कार्यालय नवलपरासी ब.सु.पुर्ब.( जसलाई यस पछी पहिलो पक्ष भनिने) र हुप्सेकोट गाउँपालिका वडा नं............का श्री/सुश्री/श्रीमती ...........................(यस पछी दोश्रो पक्ष भनिने),बीच हुप्सेकोट गाउँपालिका कृषि शाखा मार्फत संचालन गरिने आ.ब२०८०/०८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार मागमा आधारित कृषि कार्यक्रम संचालन गरि सम्पन्न गर्न तपशिल बमोजिमका सर्तहरु पालना गर्न गराउन दुवै पक्ष बीच सहमति भएकोले यो सम्झौता गरि दियौं/लियौं ।

**<u>सर्तहरु</u>**

१.दोश्रो पक्षले सम्झौता भएको लगतै काम सुरु गर्नु पर्ने छ ।
२.दोश्रो पक्षले पेश गरेको प्रस्तावना बमोजिमको कार्य संचालन गर्नु पर्ने छ ।
४.यस आ.ब. ............... मा अनुदानग्राहीलाई स्वीकृत कार्ययोजना अनुसार दोश्रो पक्षले पेश गरेको बिल भरपाई अनुसार बढीमा ५०% रकम वा बढीमा रु ५०,०००/-  सम्म रकम आवश्यक उत्पादन सामाग्री लगायतका अन्य खर्चका लागि  उपलब्ध गराउने छ ।
५.प्रथम पक्षले कार्य प्रगतिको आधारमा भुक्तानी गरिदिने छ । तोकिए अनुसारको स्वीकृत कार्ययोजना अनुसार  काम नभएमा पुरै रकम भुक्तानी गर्न बाध्य हुने छैन ।
६. स्वीकृत कार्ययोजना बमोजिम सम्पूर्ण कार्यहरुको जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।
७.दोश्रो पक्षले नियमित रुपमा प्रगति विवरण लगायत अन्य तथ्यांकहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउन पर्ने छ ।
८.प्रथम पक्षको तर्फबाट कार्यक्रमको अनुगमन कार्यमा सहयोग गर्नु दोश्रो पक्षको दायित्व हुनेछ ।
९.दोश्रो पक्षले आगामी बर्ष पनि ब्याबसायिक खेति गर्नुपर्ने छ ।प्रथम पक्षले यसको अनुगमन गर्ने छ,यस बापद प्रथम पक्षले कुनै पनि आर्थिक अनुदान सहयोग गर्ने छैन ।
१०.प्रथम पक्षले सुरुमा कार्यक्रम संचालानार्थ स्वीकृत कार्ययोजना अनुसार कार्य सम्पन्न गरि कार्यविधिमा तोकिए बमोजिमका निबेदन,सक्कल बिल,भरपाई लगायत का कागजात पेश गरे पश्चात अनुगमन गरि प्रतिबेदनका आधारमा दोश्रो पक्षलाई ए सि पेई चेक मार्फत रकम भुक्तानी दिइनेछ ।
११.प्रथम पक्षले गर्ने भुक्तानी रकममा नियमानुसार लाग्ने कन्टेन्जेन्सी रकम,मूल्य अभिवृद्धि कर र अग्रिम कर लगायत ऐन ,नियम अनुसार कट्टी गरिने रकम कट्टी गरि बाँकी रकम भुक्तानी दिईने छ ।
१२.कार्यक्रम संचालनको क्रममा आउन सक्ने दुबिधाका विषयमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।
१३.सम्झौतामा उल्लेख हुन छुटेका बिषयहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

| दोश्रो पक्षको तर्फ बाट | प्रथम पक्षको तर्फ बाट |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| ठेगानाः | पदः |
| पदः | कार्यालयको छाप |
| | |
| साक्षि | साक्षि |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पद : | पदः |

**इति सम्बत............. साल ..........महिना ........गते रोज............ शुभम ।**

हुम्लाकोट गाउँपालिका

**अनुसूची-५**

**निवेदन फारमको ढाँचाः**

निवेदकको फोटो

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू

हुप्सेकोट गाउँपालिका

विषयः उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागि गराई पाउँ बारे ।

मध्यविन्दु नगरपालिकाको मिति ...................... को सार्वजनिक सूचना अनुसार उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा मलाई सहभागी हुन इच्छा भएकाले मेरो विवरण सहितको निवेदन फारम दर्ता गरिदिनुहुन अनुरोध गर्दछु। यसमा मैले पेश गरेको संलग्न विवरण ठीक छ, झुट्टा ठहरिए कानुन बमोजिम सहुँला बुझाउला ।

विवरणः

१. कृषकको नामः

२. जन्म स्थान र जन्म मितिः

३. स्थायी ठेगानाः

४. कृषक वर्गीकरण (टिक लगाउनुहोस्): ठुला कृषक ( ) मझौला कृषक ( ) साना कृषक ( )

५. श्रोत साधनको विवरण

| क्र.स. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| १ | कृषकसँग भएको स्रोत साधन | | |
| क | कुल जग्गाको क्षेत्रफल (भाडाको सहित) | | |
| ख | कुल खेती गरेको क्षेत्रफल | | |
| ग | पशुपालनको लागि प्रयोग गरेको जग्गाको क्षेत्रफल | | |
| घ | सिंचित जग्गाको क्षेत्रफल | | |
| २ | सिंचाईको स्रोत | | |
| क | कुलो | | |
| ख | बोरिङ्ग | | |
| ग | इनार | | |
| ३ | कृषि यन्त्र उपकरणहरुको विवरण तथा अवस्था | | |

६. खेती गरिएको बालीको क्षेत्रफल तथा उत्पादन विवरण

| क्र.स. | विवरण | इकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| १ | खाद्यान्न बाली | | | |
| क | धान | | | |
| ख | गहुँ | | | |
| ग | मकै | | | |
| घ | आलु | | | |

हुप्सेकोट गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| ङ | खाद्यान्न बिउ उत्पादन | | | |
| २ | दालबाली | | | |
| ३ | तेलबाली | | | |
| ४ | तरकारीबाली | | | |
| क | वर्षे तरकारी | | | |
| ख | हिउदे तरकारी | | | |
| ग | बेमौसमी तरकारी | | | |
| घ | तरकारी विउ उत्पादन | | | |
| ५ | फलफूल | | | |
| क | केरा | | | |
| ख | आँप | | | |
| ग | लिची | | | |
| घ | कागती | | | |
| ६ | मौरी पालन | | | |
| ७ | नर्सरी | | | |

७. पशुपन्छी पालन तथा उत्पादन विवरण

| क्र.स. | विवरण | इकाई | परिमाण/ उत्पादन |
|---|---|---|---|
| १ | पशु संख्या | | |
| क | गाई भैसी | | |
| ख | भेडाबाखा | | |
| ग | बंगुर | | |
| घ | हाँस कुखुरा | | |
| २ | दूध उत्पादन | | |
| ३ | मासु उत्पादन | | |
| ४ | अण्डा उत्पादन | | |
| ५ | उन उत्पादन | | |

८. सेवा तथा संस्थागत पहुँच सम्बन्धी विवरण

| क्र. | सेवा तथा संस्थागत पहुँच | अति उत्तम | उत्तम | सामान्य | नभएको |
|---|---|---|---|---|---|
| १ | नगरपालिका कार्यालय र सेवा केन्द्रमा सम्पर्क/समन्वय स्थिति | | | | |
| २ | कृषि ऋण स्रोत एवं पहुँच | | | | |

हुम्कोट गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | बाली तथा पशुधन बीमा कार्यक्रममा पहुँच | | | | |
| ४ | प्राविधिकसँगको सम्पर्क स्थिति | | | | |

९. कृषि पेशामा संलग्न कामदारहरुको विवरण

| क्र.स. | कामको किसिम | संख्या | घरेलु कामदार | ज्यामी कामदार |
|---|---|---|---|---|
| १ | खेती कार्यमा | | | |
| २ | पशुपालन कार्यमा | | | |
| ३ | पन्छी/माछापालन कार्यमा | | | |
| ४ | प्रशोधन तथा बजारिकरणकार्यमा | | | |

१०.कृषि व्यवसायमा लगानी स्थिति

| क्र.स. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | जम्मा खेती खर्च | | |
| २ | जम्मा पशुपालन खर्च | | |
| ३ | जम्मा पन्छी/माछापालन खर्च | | |
| ४ | जम्मा कृषि औजार उपकरण खरिद खर्च | | |
| ५ | अन्य खर्च | | |
| | कुल जम्मा खर्च | | |

११.कृषि व्यवसायमा भएको लगानीको स्रोत

| क्र.स. | लगानीको स्रोत | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | कृषि विकास बैङ्कबाट लिएको ऋण रकम | | |
| २ | अन्य बैङ्क तथा वित्तिय संस्थाबाट लिएको ऋण रकम | | |
| ३ | समूह/सहकारीबाट लिएको ऋण रकम | | |
| ४ | साहुबाट लिएको ऋण रकम | | |
| ५ | छिमेकीबाट लिएको ऋण रकम | | |
| ६ | आफ्नै आम्दानीबाट व्यहोरिएको रकम | | |
| | जम्मा | | |

१२.कृषि पेशाबाट वार्षिक पारिवारिक आम्दानी स्थिति

हलेसी तुवाचुङ नगरपालिका

| क्र.स. | आम्दानीको स्रोत | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | खेती कार्यबाट | | |
| २ | पशुपालन बाट | | |
| ३ | पन्छी/माछापालन बाट | | |
| ४ | कृषि उपजको बजारिकरणबाट | | |
| ५ | कृषि पेशा अन्तर्गत पर्ने कुनै माध्यमबाट | | |
| | जम्मा कुल आम्दानी | | |

१३.निम्न विषयमा सहभागी कृषक दक्षता

| क्र.स. | दक्षताको क्षेत्र | स्थिति |
|---|---|---|
| १ | प्रविधि उपयोग तथा अनुसरण (भएको/नभएको) | |
| २ | स्रोत साधनको अधिकतम सदुपयोग (गरेको/नगरेको) | |
| ३ | प्रविधि विस्तारमा योगदान (भएको/नभएको) | |
| ४ | रोग किरा नियन्त्रण प्रविधिको उपयोग (भएको/नभएको) | |
| ५ | भकारो तथा गोठ सुधार (गरेको/नगरेको) | |
| ६ | उत्पादन लागत तथा प्रतिफल सम्बन्धी रेकर्ड व्यवस्थापन (गरेको/नगरेको) | |
| ७ | कुनै किसिमको पुरस्कार एवं प्रशंशा पत्र पाएको/नपाएको | |
| ८ | समूह/समिति/सहकारीको सदस्य (भएको/नभएको) | |
| ९ | स्थानिय स्तरमा आफ्नो अनुभवको आदान प्रदान (गरेको/नगरेको) | |

१४.नयाँ कृषि प्रविधिको विकासः

१५.खेती प्रणालीमा अपनाईएको नयाँ प्रविधिहरुको विवरणः

१६.कृषि व्यवसाय एवं प्रविधिहरुको विस्तृतिकरण (कुनै भएमा)

१७.कृषि व्यवसाय प्रवद्धनको भावी योजना (कुनै भएमा)

१८.कृषकको सफलताको कथा (बढीमा १०० शब्दमा नबढ्ने गरि)

**प्रमाणीकरण मितिः२०७९/१२/१९**

**राजपत्रमा प्रकाशित मितिः २०७९/१२/२०**

हुप्सेकोट गाउँपालिका

**आज्ञाले**

**टंकनाथ घिमिरे**

**प्रमुख प्रशासकीय अधिकृत**

हुप्सेकोट गाउँपालिका